क्षेत्रिय शिक्षा निर्देशानल, मध्यामाञ्चललद्वारा प्रकाशित

# क्षेत्रीय शैक्षिक बुलेटिन

सेवा क्षेत्र







वर्ष-७ अङ्क-१८ २०७० मार्ग


## सम्पादकीय

सूचना प्राप्त गर्नु प्रत्येक नागरिकको मौलिक हक हो । सेवाग्राहीहरुको सूचना सम्बन्धी हकको सुनिश्चितताको लागि सेवाप्रदायक संस्था एवम् निकायवाट सम्पादन गर्नु पर्ने र सम्पादित भएगरेका कार्यहरुको नियमित सम्प्रेषण गरी सूचनामा सबैको पहुंचको अवसर प्रदान गर्नु हरेक संस्था एवम् निकायको दायित्व हो । उक्त पेशागत दायित्व वहन गर्न तथा पारदर्शीता र सुशासन प्रर्वद्धनको प्रयास स्वरुप क्षेत्रीय शिक्षा निर्देशनालय मध्यमाञ्चलवाट चौमासिकरुपमा सम्पादित एवम् सम्पन्न कार्य र शैक्षिक गतिविधिहरुलाई सम्बन्धित सेवाग्राहीहरु समक्ष प्रस्तुत गर्ने अभिप्रायले यस कार्यलाई निरन्तरता दिएका छौं । यस बुलेटिनभित्र विशेषगरी आ.व ०७०/०७१ को प्रथम चौमासिकमा शाखागतरुपमा सम्पादित एवम् सम्पन्न कार्यक्रमहरुका वारेमा जानकारी दिनुका साथै जिल्लाहरुवाट प्राप्त असल अभ्यासहरुलाई सङ्क्षिप्तरुपमा प्रस्तुत गरिएको छ । सबै सरोकारवालाहरुसँग आवश्यक पृष्ठपोषणकालागि अनुरोध गर्दछौं ।




निर्देशक श्री नीरा शाक्यको विदाई(२०७० जेष्ठ ६)

## (क) शाखागतरूपमा सम्पादित कार्यहरू

### १. अनुगमन,निरीक्षण तथा तथ्यांक शाखा

- जिल्ला शिक्षा अधिकारीहरुको क्षेत्रीय समन्वय वैठक
- बार्षिक कार्यक्रम तथा बजेट ०७०/०७१ अभिमुखीकरण र प्रगति समीक्षा गोष्ठी
- जिल्ला अनुगमन तथा कार्यक्रम अनुगमन
- विद्यालयस्तरीय सामाजिक परीक्षण अनुगमन
- चौमासिक वुलेटिन तथा राम्रा अभ्यासको प्रकाशन
- विद्यालय भुकम्पीय सुरक्षा कार्यक्रम (यूनिसेफ तथा एनसेट नेपालको सहयोगमा आधारित)
  - ३ दिने जिल्ला प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी कार्यशाला
  - ३ दिने शिक्षक अभिमुखीकरण र १ दिने शिक्षक पुनर्ताजगी अभिमुखीकरण
  - विद्यालयस्तारीय ड्रिल अभ्यास

### २. परीक्षा शाखा

- नाम,थर र जन्म मिति सच्चाई प्रमाण पत्र उपलब्ध : २५०
- मूल प्रमाण पत्र र प्रोभिजनल प्रमाण पत्र उपलब्ध : ६००
- माइग्रेशन : ६७
- प्रतिलिपि लब्धांक पत्र : १००

### ३. विद्यालय प्रशासन शाखा

- शैक्षिक गुठी दर्ता र संशोधन : ६ वटा
- विद्यालय अनुमति (माध्यमिक तह) : ×

### ४. कर्मचारी प्रशासन शाखा

- कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन सम्पन्न र शिक्षा मन्त्रालयमा पेश
- कर्मचारीहरुको सम्पत्ति विवरण निजामति कितावखानामा पेश
- कर्मचारी विवरण अद्यावधिक

## खण्ड (ख) सम्पन्न मुख्य मुख्य कार्यक्रमहरू

### ख.१. जिल्ला शिक्षा अधिकारीहरुको क्षेत्रीय समन्वय वैठक (०७० ।०७१)

**(वैठकमा सहभागिता : निर्देशक, उपनिर्देशक र जिल्ला शिक्षा अधिकारी लगायत अन्य कर्मचारीहरू)**

**मुख्य उपलब्धीहरू :**

- जिल्लावाट सम्पादित कार्यहरुको अनुगमन ,मूल्याङ्कन र वास्तविक स्थिति पहिचान।
- जिल्लाहरुको कार्य प्रगति अवस्था वारे एक आपसमा जानकारी र आत्म मूल्याङ्कन र सुधारको लागि मार्ग स्पष्ट गर्न सहजता।
- जिल्लाका राम्रा र असल सिकाइ अनुभवहरु साटासट।
- फरकढंग र सोचका साथ कार्य अगाडि बढाउने प्रतिवद्धता।
- कार्यशैलीमा एकरुपता, आपसी समन्वयमा कार्य गर्ने वातावरण तयार ।
- क्षेत्र र जिल्लाहरु वीच वलियो समन्वय र सम्पर्कको नयां आयाम तयार।
- नीतिगत अस्पष्टता रहेका विषयमा प्रष्ट हुने अवसर प्राप्त।
- विभागीय वा केन्द्रिय निकायवाट नीति निर्देशन र सुझाव प्राप्त।
- क्षेत्र र केन्द्रवाट जिल्लाको अनुगमन गर्दा समेट्न पर्ने आधारभूत पक्षहरुको जानकारी प्राप्त।
- जिल्लाको वास्तविकता र जिल्ला विशेषले भोग्नु/झेल्नु परेका समस्याहरुका वारेमा क्षेत्र र केन्द्रलाई जानकारी गराउने अवसर प्राप्त।


निर्देशक श्री चूडामणी पौडेल


जि.शि.अ. श्री दीपेन्द्र सुवेदी

ख.२ कार्य सम्पादनमा आधारित जिल्ला शिक्षा कार्यालय मूल्याङ्कन एवम् स्तरनिधार्रणमा उच्च स्थान (A श्रेणी ) प्राप्त गर्न सफल जिल्ला शिक्षा कार्यालयहरुलाई प्रमाण पत्र वितरण कार्य : सहसचिव श्री महाश्रम शर्मा एवम् क्षेत्रीय शिक्षा निर्देशक श्री चूडामणी पौडेलज्यूवाट वितरित प्रमाण पत्र ग्रहण गर्दै जिल्ला शिक्षा अधिकारीहरु क्रमश : श्री दीपेन्द्र सुवेदी धादिङ्ग, श्री युवराज पौडेल रामेछाप र श्री दीपक शर्मा, दोलखा







ख.३ बार्षिक कार्यक्रम तथा बजेट ०७०/०७१ अभिमुखीकरण र प्रगति समीक्षा गोष्ठी
(गोष्ठीमा सहभागिता: निर्देशक, उपनिर्देशक, उपसचिव र अधिकृतहरु लगायत अन्य कर्मचारीहरु)








**उपलब्धीहरु :**

- आ.व. ०७०।०७१ मा नेपाल सरकारले अख्तियार गरेको आर्थिक सुशासन सम्बन्धी नीति तथा कार्यक्रमसंग परिचित हुने अवसर प्राप्त।
- क्षेत्र र जिल्लाहरुको लागि विनियोजित बार्षिक कार्यक्रम तथा बजेट (०७०।०७१) संग परिचित हुने अवसर प्राप्त।
- बार्षिक कार्यक्रम तथा वजेट कार्यक्रम निर्देशिका ०७० संग परिचित हुने अवसर प्राप्त।
- गतवर्ष कार्यक्रम कार्यान्वयनमा परेका कठिनाइ र जिल्लाका कार्यक्रम राम्रा अनुभवहरु एक आपसमा साटासटको अवसर प्राप्त।
- चालु आ.व.मा विनियोजित कार्यक्रम कार्यान्वयनमा पर्न सक्ने कठिनाइ वारे पहिचान र समाधानको लागि आपसी समन्वय र सहकार्यको वातावरणमा एकरुपता सहित साझा अवधारणा तयार।
- प्रत्येक जिल्लाहरुले आफ्नो आफ्नो कार्यक्रम तथा वजेटको सीमा भित्र रही खेस्रा कार्य योजना र अनुगमन योजना तयार।

## खण्ड (ग)

## जिल्ला शिक्षा कार्यालयका: राम्रा अभ्यासहरु ( आ.व.०७०/७१ प्रथम चौमासिक)

**१ दोलखा :**

- सेती वेनी नि.मा.वि.द्वारा सीपमा आधारित शैक्षिक कार्यक्रम र साधारण कोर्ष संगसंगै सञ्चालन।
- कक्षा १ वाट नै सिकाइ उपलव्धि निर्धारण गरी शिक्षण सिकाइ सुधार वर्ष ०७० कार्यान्वयन।
- जि.शि.का. र तेस्रो पक्ष (पत्रकार, वुद्धिजिवी) सहित सयुक्त टीमवाट विद्यालय अनुगमन।

**२ रामेछाप :**

- एस.एल.सी.परीक्षालाई मध्यनजर गरि अंग्रेजी र गणीत विषयमा विद्यार्थीको क्षमता परीक्षण तथा विकासका लागि जिल्लास्तरमा परीक्षा संचालन तथा नतिजा प्रकाशन।
- १५ वटा विद्यालयमा समूहगत सघन अनुगमन तथा सुपरीवेक्षण।
- प्रथम चौमासिक अवधिमा वित्तिय एवम् भौतिक प्रगति ८३ प्रतिशत।

**३ सिन्धुली :**

- ७ वटा गा.वि.स. मा नि:शुल्क, अनिवार्य आधारभूत शिक्षा घोषणा र लागू।
- घुम्ति वैठक र मोवाइल निरीक्षणको व्यवस्थाको निरन्तरता।

**४ धनुषा :**

- पत्रकार, गैसस, जि.शि.का सहितको संयुक्त टीमले विद्यालय अनुगमन।
- अनियमित स्कूल, विद्यार्थी र शिक्षक पहिचानका लागि स्रोतव्यक्ति परिचालन।

**५ रौतहट :**

- सघनरुपमा विद्यालय अनुगमन र निरीक्षणलाई तिव्रता।
- अनियमित शिक्षकको पहिचान र शुद्धिकरणको प्रतिवद्धता।

**६ चितवन :**

- वर्षमा न्यूनतम एकपटक १३ वटै स्रोतकेन्द्रमा घुम्ती वैठकको व्यवस्था।
- गीतानगर स्रोतकेन्द्रका ३० विद्यालयको राम्रा अभ्यासहरुमा आधारित भिडियो क्लिप्स निर्माण।
- प्रधानाध्यापकका लागि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न।
- जि.शि.का.मा शिक्षक अभिलेख अद्यावधिक।

**७ धादिङ :**

- मध्यमान्चल क्षेत्रका १९ जिल्लाका जि.शि.अ.हरुको समन्वय वैठक संचालनमा अगुवाई।
- माध्यमिक तहका प्रधानाध्यापक, स्रोतव्यक्ति वि.नि.संगको करार सम्झौता।
- आधारभूत तर्फको तहगत सिकाइ उपलव्धि निर्धारण र सिकाई सुधार वर्षलाई सार्थक वनाउने प्रयास।

**८. रसुवा :**

- शैक्षिक अभिलेखलाई कम्प्युटरमा प्रविष्ट गर्ने कार्य सम्पन्न।

**९ नुवाकोट :**

- लिडर र फिडर स्कुल (प्रा.वि., निमावि.) का वीच सम्वाद एवम् सहकार्यको थालनी।
- इमेल ठेगाना उपलव्ध गराउने निमावि., माविलाई कम्प्युटर उपलव्धता।
- प्रत्येक विद्यालयमा आफ्नो लक्ष्य तय गरी सो अनुसार शिक्षण सिकाइको वातावरण कायम।

**१० ललितपुर :**

- अनौपचारिक शिक्षा तर्फको अवधारणा पत्र तयार र अनुमोदन।
- सवै सामुदायिक विद्यालयको तथ्याङ्क संकलन र प्रमाणीकरण।
- १३ वटा गाविस र नपा. का १८ वटा वडालाई पूर्ण साक्षर घोषणा।
- १६६ विद्यालयको खूद भर्नादर शत प्रतिशत कायम।

**११ भक्तपुर :**

- पूर्ण साक्षर जिल्ला घोषणाको पूर्व तयारी।
- अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षा घोषणाको तयारी।
- स्थानीय निकायको वजेट शिक्षामा केन्द्रीत गर्ने प्रयोजनका लागि आपसी समन्वय र सहकार्यको वातावरण तयार।
- नगरपालिकाले ४० प्रतिशत लगानी गर्ने प्रतिवद्धता।
- नीजि तथा सामुदायिक विद्यालय वीच सहकार्यको थालनी।

**१२ काभ्रेपलाञ्चोक :**

- बाहिर रहेका वालवालिका तथा निरक्षर व्यक्तिको नक्साङ्कन।
- निरक्षर व्यक्तिलाई साक्षर वनाउने रणनीतिक पत्र तयार र कार्य थालनी।
- शिक्षकको अभिलेखलाई अद्यावधिक।

**१३ सिन्धुपाल्चोक :**

- विद्यालय शान्तीक्षेत्र निर्देशिका वारे सरोकारवालाहरुलाई सुसुचित गर्ने कार्य।
- गुणस्तरीय शिक्षाका लागि गठित कार्यदलद्वारा साझा अवधारणा पत्र तयार र सम्वद्ध सरोकारवालासंग छलफल र अन्तरक्रिया।
- सिकाइ उपलव्धिको लागि आधार सूचक तयार र प्रत्येक वर्ष ५% अभिवृद्धि गर्ने प्रतिवद्धता।
- वहुकक्षा शिक्षण सम्वन्धि कार्यक्रम ९ वटा विद्यालयमा थप सहित १४ लागू।
- शैक्षिक सन्देश वार्षिक अंक प्रकाशित ।

# क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल

| सि.नं. | कार्यक्रम क्रियाकलाप | एकाइ | आ.व.२०७०/७१ को बजेट | | | | प्रथम चौमासिक लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक परिमाण | इकाइ लागत | भार | बजेट | भौतिक परिमाण | | इकाइ लागत | भार |
| | क.पुँजीगत खर्च (३५०८०३४) | | | | २.७१ | २८० | | | ०.५४ | ५६ |
| २ | विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता | | | | २.७१ | २८० | | | ०.५४ | ५६ |
| २.३ | भौतिक सुविधा विस्तार कार्यक्रम | | | | २.७१ | २८० | | | ०.५४ | ५६ |
| २.३.४ | मोटरसाइकल खरीद | जिल्ला/क्षेत्र | १.० | १८०.० | १.७४ | १८०.० | तयारी | २०.०% | ०.३५ | ३६ |
| २.३.६ | कम्प्युटर, स्कायानर तथा प्रिन्टर खरीद (डटप्रिन्टर आवश्यक भएकोमा) | जिल्ला/क्षेत्र | १ | १०० | ०.९७ | १०० | खरीद | २०.०% | ०.१९ | २० |
| | १.पुँजीगत कार्यक्रम खर्चको जम्मा | | | | २.७१ | २८० | | | ०.५४ | ५६ |
| | ख.चालुखर्च (३५०८०३३) | | | | ९७.२९ | १०,०४२ | | | १४.९१ | १,५३९ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | - | | | ०.१२ | १२ | | | ०.०४ | ४ |
| १.६ | नेटवर्कको बैठक सञ्चालन | जिल्ला र क्षेत्र | १ | १२ | ०.१२ | १२ | संचालन | ३३.०% | ०.०४ | ४ |
| २ | विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता | - | | | ३९.०९ | ४,०३५ | | | ७.७८ | ८०३ |
| २.१ | आधारभूत शिक्षा | - | | | ०.३४ | ३५ | | | ०.०३ | ३ |
| २.१.१ | आधारभूत शिक्षाका लागि बैकल्पिक कार्यक्रम | - | | | ०.२४ | २५.० | | | - | - |
| २.१.१.५ | विद्यार्थी भर्ना, निरन्तरता र उपलब्धि सुधार कार्यक्रम | जिल्ला र क्षेत्र | १ | २५ | ०.२४ | २५ | संचालन | ०.०% | - | - |
| २.१.३ | लैंगिक विषयसँग सम्बन्धित व्यवस्थापन खर्च (बालिका शिक्षाको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको प्रोफाइल तयारी तथा सम्प्रेषण र बालिका शिक्षा सञ्जालको सवलीकरण समेत) | जिल्ला र क्षेत्र | १ | १० | ०.१० | १० | संचालन | ३४.०% | ०.०३ | ३ |
| २.३ | भौतिक सुविधा विस्तार कार्यक्रम | | | | ३८.७५ | ४,००० | | | ७.७५ | ८०० |
| २.३.११ | प्राकृतिक विपत्मा परेका सामुदायिक विद्यालयहरुलाई तत्कालिन पुनर्निमाण | | - | - | ३८.७५ | ४,००० | तयारी | २०.०% | ७.७५ | ८०० |
| ४ | शैक्षिक गुणस्तर अभिबृद्धि | | | | १३.५६ | १,४०० | | | ०.८१ | ८४ |
| ४.७ | जिल्लालाई अनुदान सहयोग | | | | १३.५६ | १,४०० | | | ०.८१ | ८४ |
| ४.७.१ | Flash report, FMR report ,Status report, Teachers records update/तयारी तथा प्रकासनर प्रबोधिकरण | क्षेत्र/जिल्ला | १ | - | ०.१९ | २० | सञ्चालन | २०.०% | ०.०४ | ४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.७.३ | पत्रकार, शिक्षकका पेशागत संघ संस्थाहरु, NGOs, CBOs र शिक्षक अभिभावक संघसँगको सहभागितामा जिल्लास्तरमा कार्यक्रम अभिमुखीकरण तथा प्रकाशन | जिल्ला र क्षेत्र | १ | – | ०.७३ | ७५ | सञ्चालन | १००.०% | ०.७३ | ७५ |
| ४.७.४ | क्षेत्र तथा जिल्लामा पाठ्यक्रम समितिको व्यवस्थापन खर्च | क्षेत्र/ जिल्ला | १ | १५ | ०.१५ | १५ | सञ्चालन | ३३.०% | ०.०५ | ५ |
| ४.७.५ | प्राप्त उपलब्धिका आधारमा जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक, स्रोतकेन्द्र तथा स्रोतकेन्द्र तथा स्रोतव्यक्ति र शिक्षकहरुलाई प्रोत्साहन | क्षेत्र/ जिल्ला | २२ | १० | २.१३ | २२० | सञ्चालन | ०.०% | – | – |
| ४.७.६ | शिक्षण सिकाइका लागि शिक्षकद्वारा गरिने कार्यमूलक अनुसन्धानका लागि मूल्यमूल्याङ्कन तथा प्रतिवेदन तयारी | क्षेत्र/ जिल्ला | १ | २० | ०.१९ | २० | सञ्चालन | ०.०% | – | – |
| ४.७.१० | Markers/Scrutinzers का लागि ३ दिने अभिमुखीकरण (५वटा क्षे.शि.नि मा) | जना | ३०० | ४ | १०.१७ | १,०५० | संचालन | ०.०% | – | – |
| ६ | प्रभावकारी सेवा प्रवाहका लागि क्षमता अभिबृद्धि | | | | ५.३३ | ५५० | | | ०.२४ | २५ |
| ६.५ | अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थी प्रतिभाको खोजी (क्षेत्रियस्तर र जिल्लास्तर) ४ विधा | विद्यार्थी | १९ | २५ | ४.६० | ४७५ | संचालन | ०.०% | – | – |
| ६.७ | शैक्षिक सुधारकालागि जिल्लास्तरमा सञ्चारमाध्यमको उपयोग | जिल्ला र क्षेत्र | १ | ७५ | ०.७३ | ७५ | सञ्चालन | ३३.०% | ०.२४ | २५ |
| ७ | विद्यालय व्यवस्थापन तथा अनुगमन | | | | ३९.१९ | ४,०४५ | | | ६.०३ | ६२३ |
| ७.१ | जिल्लाहरु | | | | ६.७१ | ६९३ | | | १.०० | १०३ |
| ७.१.१ | जिल्ला तथा क्षेत्रबाट गरिने अनुगमन तथा मूल्या तथा मूल्याङ्कन | जिल्ला | १ | – | १.४२ | १४७ | सहयोग | ३३.०% | ०.४७ | ४९ |
| ७.१.२ | योजना तथा कार्यक्रम तयारी र अद्यावधिक (ASIP/AWPB, DEP, VEP ) | जिल्ला र क्षेत्र | १ | १५० | १.४५ | १५० | सञ्चालन | ०.०% | – | – |
| ७.१.३ | शैक्षिक बुलेटिन तथा शैक्षिक समाचार मासिक प्रकाशन | जिल्ला | १ | ३० | ०.२९ | ३० | सञ्चालन | २०.०% | ०.०६ | ६ |
| ७.१.४ | जिल्ला तथा क्षेत्रमा इमेल, इन्टरनेट तथा Antivirus व्यवस्थापन | जिल्ला | १ | ३० | ०.२९ | ३० | सञ्चालन | ४०.०% | ०.१२ | १२ |
| ७.१.९ | जिल्लाको प्रस्तावका आधारमा प्रवर्तनात्मक क्रियाकलापका लागि जिल्लाहरुलाई अनुदान सहयोग र क्षे.शि.नि.बाट जिल्लाहरुको स्तर निर्धारणका आधारमा दिइने प्रोत्साहन अनुदान सहयोग समेत | जिल्ला र क्षेत्र | १ | – | १.९४ | २०० | सञ्चालन | ०.०% | – | – |
| ७.१.११ | कार्यक्रम व्यवस्थापन खर्च | जिल्ला र क्षेत्र | १ | – | १.०७ | ११० | सञ्चालन | ३३.०% | ०.३५ | ३६ |
| ७.१.१२ | मर्मत सम्भार खर्च (उपकरण समेत) | क्षेत्र/ जिल्ला | १ | २० | ०.१९ | २० | सञ्चालन | ०.०% | – | – |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.१.१४ | जिल्ला पाठ्यपुस्तक अनुगमन समितिको वैठक संचालन र पाठ्यपुस्तक अनुगमन तथा अद्यावधिक | जिल्ला र क्षेत्र | १ | ६ | ०.०६ | ६ | सञ्चालन | ०.०% | – | – |
| ७.३ | विद्यालय | | | | ५.८१ | ६०० | | | १.९४ | २०० |
| ७.३.७ | एकीकृत माध्यमिक शिक्षा कार्यान्वयनका लागि व्यवस्थापकीय क्षमता विस्तार ( नमूना परीक्षण कक्षा ९ १२) | जिल्ला र क्षेत्र | – | – | ५.८१ | ६०० | सञ्चालन | ३३.३% | १.९४ | २०० |
| ७.४ | क्षे.शि.नि.हरुबाट वित्तिय र सामाजिक लेखापरीक्षणको नमुना परीक्षण र प्रतिवेदन | क्षेत्र | १ | ४१२ | ३.९९ | ४१२ | सञ्चालन | ५०.०% | २.०० | २०६ |
| ७.५ | क्षे.शि.नि.मार्फत Financial tracking (प्राप्तबजेट सदुपयोग र खर्च व्यवस्थापन) र प्रतिवेदन | जिल्ला | १९ | – | १.८४ | १९० | सञ्चालन | ४०.०% | ०.७४ | ७६ |
| ७.६ | जिल्ला तथा क्षेत्रका राम्रा अभ्यासहरुको पहिचान, प्रकाशन र प्रशारण | जिल्ला र क्षेत्र | १ | ३० | ०.२९ | ३० | सञ्चालन | १००.०% | ०.२९ | ३० |
| ७.७ | जिल्ला तथा क्षेत्रस्तरका विभिन्न समिति तथा कार्यदल सञ्चालन खर्च | जिल्ला र क्षेत्र | १ | २० | ०.१९ | २० | सञ्चालन | ४०.०% | ०.०८ | ८ |
| ७.९ | जिल्ला शिक्षा अधिकारी तथा कार्यक्रम अधिकृतका लागि एकीकृत ASIP/AWPB तयारी तथा क्षेत्रीय प्रगति समीक्षा कार्यशाला | क्षेत्र | १ | १,२५० | १२.११ | १,२५० | सञ्चालन | ०.०% | – | – |
| ७.१० | शैक्षिक सुशासन तथा वित्तिय व्यवस्थापन सुधार कार्यशाला | क्षेत्र | १ | ८५० | ८.२३ | ८५० | सञ्चालन | ०.०% | – | – |
| | २. चालु कार्यक्रम खर्चको जम्मा | | | | ९७.२९ | १०,०४२ | | | १४.९१ | १,५३९ |
| | ३. कूल चालु तथा पुजीगत खर्चको जम्मा १+२ | | | | १००.०० | १०,३२२ | | | १५.४५ | १,५९५ |
| | ६. कुल जम्मा खर्च ३+४+५ | | | | १००.० | १०,३२२ | | | १५.४५ | १,५९५ |

## ग. २. प्रथम चौमासिक बजेट तथा कार्यक्रम र प्रगति अवस्था (०७०।०७१)

### ग.२.१ प्रथम चौमासिक वजेट निकासा र खर्चवजेट

| कार्यक्रम | ब.शि.हि.न | निकासा वजेट रु | खर्च वजेट रु | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक |
| विक्षेसु | ३५०८०३(४) | ५६ | २० | २१ | २६ |
| विक्षेसु | ३५०८०३(३) | १५३९ | ३१० | | |
| जम्मा | | १५९५ | ३३० | | |

### ग.२.२ साधरण तर्फ

| शिर्षक | खर्च रु | शिर्षक | खर्च रु | शिर्षक | खर्च रु | विविध रु |
|---|---|---|---|---|---|---|
| तलव | २२,८४,३११।० | पानी विजुली | ४५,५१४।० | मर्मत | ५६,७३४।० | १०,०००।० |
| भत्ता | १,०७,१८०।० | इन्धन | ६०,०००।० | कार्यक्रम खर्च | ७,५४,६५६।० | जम्मा रु |
| भत्ता (अन्य) | ३,१८०।० | कार्यालय सामन | २९,७६५।० | अनुगमन | ६९,५००।० | १३६४९६०।० |

### घ. शैक्षिक झलक

#### घ.१ सेवाक्षेत्र

- अञ्चल : ३ र जिल्ला १९
- नारायणी (५) : चितवन, मकवानपुर , बारा, पर्सा र रौतहट
- वागमती (८) : रसुवा, धादिङ्ग, नुवाकोट, काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक र सिन्धुपालचोक
- जनकपुर (६) : रामेछाप, दोलखा, सिन्धुली, धनुषा, महोत्तरी र सर्लाही
- जिल्ला शिक्षा कार्यालय : १९
- शैक्षिक तालिम केन्द्र (क) र (ख) : ३ र ६ जम्मा ९
- अगुवा स्रोतकेन्द्र/स्रोतकेन्द्र : २७८
- विद्यालय ( सवै तह , सामुदायिक र संस्थागत ) : १०२८४
- प्रारम्भिक बाल शिक्षा तथा विकास कक्षा : ९९५२
- मदरसा : १४० , गुम्वा ३१ र आश्रम वा गुरुकुल : १२

#### घ.२ शैक्षिक तथ्याङ्क ( संक्षिप्त)

- प्राथमिक विद्यालय : ५५३५,
  सामुदायिक : ५०९७ र संस्थागत : ४३८
- निम्न माध्यमिक विद्यालय : १६२४,
  सामुदायिक : १२८७ र संस्थागत : ३३७
- माध्यमिक विद्यालय : १८९३ ,
  सामुदायिक : ८२९ र संस्थागत : १०६४
- उच्च माध्यमिक विद्यालय :१२३२
  सामुदायिक ७६४, संस्थागत : ४३८
- जम्मा विद्यालय : १०२८४
  (सामुदायिक : ७९७७ , संस्थागत : २३०७
- बाल शिक्षा तथा विकास कक्षा : ९५५२ ,
  समुदायमा आधारित १८६९, विद्यालयमा आधारित ८०८३
- जम्मा विद्यार्थी ECD : ३४२०२० ,
  छात्रा १६४९७७, छात्र १७७०४३
- जम्मा विद्यार्थीप्राथिमिक तह : १६१४५१८,
  सामुदायिक : १३२१३०३ र संस्थागत : २९३२१५
- निम्न माध्यमिक तह : ५७३३८८,
  सामुदायिक : ४३१००५ र संस्थागत : १४२३८३
- माध्यमिक तह : २८८३६७ ,
  सामुदायिक : २०८१७७ र संस्थागत : ८०१९०
- उच्च माध्यमिक तह : ११८३५२ ,
- सामुदायिक : ८४९७७ र संस्थागत : ३६१५९

#### कार्यरत जम्मा शिक्षक र दरवन्दी शिक्षक,सामुदायिक र संस्थागत

| | | | | |
|---|---|---|---|---|
| प्राथमिक तह : | ५३९३१ | २९३६९ | ३६६२२ | १७२०९ |
| निम्न माध्यमिक : | १७७६८ | ७३६० | ९५७५ | ८१९३ |
| माध्यमिक तह : | १४८१२ | ५८६८ | ६८८५ | ७९२७ |
| उच्च माध्यमिक : | ६६८८ | ५६८ | ४६८९ | १९९९ |

#### विद्यार्थी शिक्षक अनुपात दरवन्दी तर्फ :

- प्राथमिक तह : ४६ , निम्न माध्यमिक तह : ५९
- माध्यमिक तह : ३०, उच्च माध्यमिक तह : १५०

## खण्ड (ङ) विद्यालय भुकम्पीय सुरक्षा कार्यक्रम (यूनिसेफ तथा एनसेट नेपालको सहयोगमा आधारित)

क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलको अगुवाईमा काठमाण्डौ उपत्यकाका तीन जिल्लाअन्तर्गत सञ्चालनमा रहेका सामुदायिक एवम् संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्याथीहरुलाई केन्द्र विन्दुमा राखि भुकम्पीय सुरक्षा एवम् पूर्व तयारीको लागि यूनिसेफ नेपालको आर्थिक र एनसेट नेपालको प्राविधिक सहयोगमा जिल्ला शिक्षा कार्यालय काठमाण्डौ, ललितपुर र भक्तपुरका ४६ वटै स्रोतकेन्द्रका क्रमशः सन् २०११ मा ३६० विद्यालयका ७२० शिक्षकहरु, सन् २०१२मा १८० विद्यालयका ३६० शिक्षकहरुलाई विद्यालय भुकम्पीय सुरक्षा सम्बन्धी अभिमुखीकरण सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा सहभागी भएका विद्यालयहरुका सम्पूर्ण शिक्षक र विद्यार्थीहरु वीच उक्त कार्यक्रमसंग सम्बन्धित आधारभूत जानकारी (ज्ञान र सीप) प्रदान गरी विद्यालय तहमा ड्रिल अभ्यास समेत सम्पन्न भएको थियो । उक्त कार्यक्रमको सकरात्मक प्रभाव र जि.शि.का.हरुको माग र सुझावलाई समेत ध्यान दिई कार्यक्रमको विस्तार र फ्लोअप गर्नेअभिप्रायले सन्२०१३ माथि १०० विद्यालयलको आधारभूत तालिम, ५४० विद्यालयलाई पुनर्ताजगी तालिम र कुल ६४० विद्यालयमा ड्रिल अभ्यास गर्ने कार्यक्रमको अतिरिक्त ४६ वटै स्रोतकेन्द्रका स्रोत व्यक्तिहरुलाई ३ दिने विद्यालय भुकम्पीय सुरक्षा एवम् वृहत विद्यालय सुरक्षा सम्बन्धी पुनर्ताजगी कार्यक्रम राखिएको हो ।

### ३ दिने जिल्ला प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी कार्यशाला

विद्यालय भुकम्पीय सुरक्षा पूर्वतयारी सम्बन्धी पुनर्ताजगी कार्यक्रममा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला शिक्षा कार्यालयका कार्यक्रम फोकल पर्सन, कार्यक्रम अधिकृत , वि.नि. र स्रोतव्यक्तिहरु सहित ६० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा उपत्यकाका तीन जिल्लाका जि.शि.अ.हरुको उपस्थिति रहेको थियो । दुई चरणमा सम्पन्न भएको उक्त कार्यक्रममा ४६ जना स्रोतव्यक्ति, ३ जना कार्यक्रम फोकल पर्सन, ३ जना कार्यक्रम अधिकृत , शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालयवाट ४ जना पर्यवेक्षकको रुपमा सहभागिता रहेको थियो । क्षेत्रीय शिक्षा निर्देशक श्री चूडामणी पौडेल, उपनिर्देशक श्री महेन्द्र प्रसाद पौडेल, यूनिसेफ नेपालका इभान ऐलन (शिक्षा सल्लाहकार), श्री सविना जोशी, श्री विमला मानन्धरको महत्वपूर्ण उपस्थिति रहेको उक्त कार्यक्रममा एनसेट नेपालका श्री विजय उपाध्याय सहितको टिम, यूनिसेफ नेपालका श्री घनश्याम खतिवडा र क्षेत्रीय शिक्षा निर्देशनालयका श्री सुकदेव नेपालले सहजीकरण गर्नु भएको थियो ।


निर्देशक चूडामणी पौडेल





शिक्षक सल्लाहकार ईभान ऐलन

**उपलब्धी :**

सन् २०११ र सन् २०१२ मा स्रोत केन्द्र स्तरीय सम्पन्न शिक्षक तालिम र विद्यालयस्तरीय ड्रिल अभ्यासको प्रगति समीक्षा र उपत्यकाका तीन जिल्लाका ४६ जना स्रोतव्यक्ति, ६ कार्यक्रम फोकल पर्सन र अधिकृत , शिक्षा विभाग र क्षेत्रीय शिक्षा निर्देशनालयका ४ जना अधिकृतहरु विद्यालय वृहत सुरक्षा कार्यक्रमसंग सम्बन्धित नवीन विषयवस्तुहरुसंग परिचित हुने अवसर प्राप्त । ४६ वटा स्रोतकेद्रका ५४० शिक्षकहरुकालागि प्रगति समीक्षा र पुनर्ताजगी गर्न र १०० शिक्षकहरुका लागि आधारभूत ज्ञान र सीप प्रदान गर्ने जनशक्ति वा प्रशिक्षक तयार ।

काठमाण्डौः १ केन्द्र , सहभागी ३६ शिक्षक एवम् विद्यालय , १२ केन्द्र , सहभागी शिक्षक २८८

ललितपुर : १ केन्द्र , सहभागी ३२ शिक्षक एवम् ३२ विद्यालय, ७ केन्द्र , सहभागी शिक्षक १६८

भक्तपुर : १ केन्द्र , सहभागी ३२ शिक्षक एवम् ३२ विद्यालय, ४ केन्द्र , सहभागी शिक्षक ९६

**उपलब्धी :**

थप १०० विद्यालयका १०० शिक्षकहरुले भूकम्पीय सुरक्षा सम्बन्धी आधारभूत ज्ञान र सीप प्राप्त।

## क्षे.शि.नि. मध्यमाञ्चल परीक्षाशाखाको जिल्ला शिक्षा कार्यालयहरूलाई अनुरोध एवम् सूचना

(प्रवेशिका उर्त्तीण विद्यार्थीहरुको लागि नाम, थर, जन्म मिति संशोधन प्रयोजनका लागि)

एस.एल.सी.परीक्षामा सम्मिलित परीक्षर्थीको प्रमाण पत्रमा नाम, थर तथा जन्म मिति फरक पर्न गएमा परीक्षाफल प्रकाशन भएको मितिले ६ महिना भित्र निम्नानुसारको आवश्यक कागजात सहित निर्देशनालयमा निवेदन पेश गर्नुपर्ने भएकोले सो अनुसारको सूचना प्रवाहकालागि क्षेत्रीय शिक्षा निर्देशनालय हार्दिक अनुरोध गर्दछ।

- विद्यार्थीले प्राप्त गरेको सक्कलै मार्कसिट र प्रोभिजिनल सर्टिफिकेट पेश गर्नु पर्नेछ।
- विवरण फरक परेको नाम, थर वा जन्म मितिलाई संशोधन गर्न सम्बन्धित विद्यार्थीको गृह जिल्लाको प्रमुख जिल्ला अधिकारीले खडा गरेको (फोटो सहित) निर्णय पर्चा पेश गर्नु पर्नेछ।
- नाम, थर परिवर्तन गर्नु परेमा अंग्रेजीमा त्यसको हिज्जे समेत निर्णय पर्चामा उल्लेख भएको हुनु पर्नेछ।
- विवरण संशोधन गर्दा निर्णय पर्चामा सम्वन्धित प्रमुख जिल्ला अधिकारीको मात्र दस्तखत हुनु पर्नेछ र निमित्त प्रजिअ वा अन्य अधिकारीको निर्णय मान्य हुने छैन।
- निवेदन साथ विद्यार्थीको जन्मदर्ता, नागरिकता तथा प्रवेश पत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
- छ महिना पश्चात वा समय सीमा नाघेर आएको निर्णय पर्चा उपर कुनै कार्यवाही हुने छैन।
- निर्णय पर्चामा सम्वन्धित विद्यार्थीको फोटो अनिवार्यरुपमा प्रमाणित भएको हुनु पर्नेछ।
- प्रवेश पत्रमा विद्यार्थीको विवरण ठीक भएको अवस्थामा यदि प्रवेश पत्रमा कुनै केरमेट छैन र मार्कसीट/प्रमाणपत्रमा फरक पर्न गएको अवस्था छ भने सोझै परीक्षा नियन्त्रण कार्यालय गई अभिलेख सच्चाउनु पर्नेछ।

परीक्षा सम्बन्धी अरु केही थप जानकारी आवश्यक भएमा ०५७-५२७१०४ र १०५ मा सम्पर्क गर्न सकिने छ।

(पुनश्च : निर्णय पर्चा बनाउन जानु अघि निवेदन सहित विद्यालय, जि.शि.का., सम्वन्धित गा.वि.स./न.पा. को सिफारिस, २ प्रतिफोटो, जन्मदर्ता, शैक्षिक प्रमाण पत्र समेत लिएर जिल्ला प्रशासन कार्यालय जानु हुन समेत अनुरोध गर्दछौ)

**शिक्षा दिवस-२०७०**
**बालमैत्री अनिवार्य शिक्षा, ज्ञान र सीपको सुनिश्चितता**

१०० शिक्षकहरुको सहभागिता एवम् विद्यालयहरुमा कार्यक्रम विस्तार । ५४० विद्यालयमा सञ्चालित कार्यक्रमको समीक्षा,राम्रा अभ्यास र सुधारको क्षेत्र पहिचान र आत्म मुल्याकंनको अवसर प्राप्त । ५४० शिक्षकहरुमा पुनर्ताजगीको अवसर , नंया विषयवस्तु (जलवायु परिवर्तन र विद्यालय वृहत सुरक्षा कार्यक्रम) वारे जानकारीको अवसर प्राप्त, १०० विद्यालयहरुले ड्रिल अभ्यासको लागि सामग्री प्राप्त।

## विद्यालयस्तारीय ड्रिल अभ्यास

जिल्लास्तरीय प्रशिक्षकहरुका लागि ३ दिने पुनर्ताजगी कार्यशाला र ३ दिने र १ दिने स्रोत केन्द्रस्तरयि शिक्षक अभिमुखीकरण सम्पन्न भई विद्यालयस्तरमा ड्रिल अभ्यासको क्रममा रहेको।

विद्यालय भूकम्पीय सुरक्षा पुनर्ताजगी कार्यशालामा सहजीकरणको एक झलक





**उपलब्धी :**

ड्रिल अभ्यासमा सहभागी भएका शिक्षक तथा विद्यार्थीहरु **DUCK COVER HOLD** संग परिचित र घरपरिवारमा आधारभूत जानकारी प्राप्त गर्ने अवसर। भुकम्प आउनु पूर्व, आउंदाको समय र भुकम्प गए पश्चात के कस्तो पूर्व तयारी गर्ने, के कसरी सुरक्षित रहने र के कस्तो सहयोगमा सहभागी हुने सम्बन्धमा आधारभूत ज्ञान र सीप प्राप्त गर्ने अवसर ।

| Level | GIR | NIR | GER | NER | Dr | Pr | Rr |
|---|---|---|---|---|---|---|---|
| PS (1-5) | - | - | 134.3 | 95.1 | 5.2 | 85.5 | 12.5 |
| LSS (6-8) | - | - | 69.0 | 66.8 | 6.2 | 89.8 | 5.7 |
| SS (9-10) | - | - | 69.0 | 51.9 | 6.6 | 90.0 | 3.9 |
| HSS (11-12) | - | - | 28.0 | 8.2 | - | - | - |
| Grade 1 | 141.5 | 90.0 | | | | | |

NIR-Net intakerate,GIR-Grossintake rate,GER-Gross enrollement rate, NER-Net enrollement, Dr-Droupout rate,Pr-Promotion rate, Rr- Repeatition rate, PS-primary school, LSS- Lower secondary school, SS- Secondary School, HSS- Higher Secondary school


प्रमुख सल्लाहकार
**श्री चूडामणी पौडेल**
निर्देशक

सल्लाहकार
**श्री महेन्द्र प्रसाद पौडेल**
उपनिर्देशक

**श्री चन्द्र बहादुर खड्का**
उपनिर्देशक

संयोजन तथा लेआउट
**श्री सुकदेव नेपाल**
शाखा अधिकृत

सम्पादन मण्डल
**श्री लिलानाथ गौतम**
उपसचिव

**श्री देवीराम अर्याल**
शाखा अधिकृत

**श्री धीरेन्द्र प्रसाद पोखरेल**
लेखा अधिकृत



नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
**क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चल**
हेटौंडा, मकवानपुर
बेवसाइट : www.cred.gov.np, इमेल : cred.gov.np@gmail.com
फ्याक्स : ०५७-५२७१०६, फोन: ०५७- ५२७१०४/५२७१०५


मुद्रक : श्रृजना छापाखाना, हेटौंडा-२, फो. ०५७-५२०५६३ कम्प्युटर सेटिङ्ग : मन बहादुर रानाभाट, हेटौंडा-२, फो. ९८४५११९१९८